(नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यसमितिको २०७३ माघ २१ गते बसेको २५८औं बैठकद्वारा स्वीकृत)

नेपाल रेडक्रस सोसाइटी

# सूचना तथा सञ्चार नीति - २०५९ (सन् २००२)

पहिलो संशोधन -२०६५ (सन् २००८)
दोस्रो संशोधन -२०७३ (सन् २०१६) सहित

## क. प्रस्तावना :

एउटा कुशल, आत्मनिर्भर र स्वाधीन मानवीय सङ्गठनको रूपमा विकसित नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को दूरदृष्टिलाई सफल बनाउन, संस्थाको सङ्गठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी सङ्गठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र सङ्कटासन्नता कम गर्ने नेरेसोको दूरगामी लक्ष्य (Mission) प्राप्त गर्न सूचना तथा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ ।

धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने आधारभूत उद्देश्यअनुरूप सञ्चालन गरिने नेरेसोका गतिविधिहरूबारे यसका हरेक निकायका साथै सदस्य, स्वयंसेवक र कर्मचारी (रेडक्रसकर्मी)हरू व्यक्तिगत तथा सामूहिकरूपमा प्रभावकारी सञ्चार गर्न जिम्मेवार हुनेछन् ।

तसर्थ, नेपाल रेडक्रसको सङ्गठनलाई सुदृढ र विस्तार गर्न, विभिन्न निकायहरूसँग समन्वय, सहकार्य तथा साझेदारी वृद्धि गर्न, नेरेसोभित्रको आपसी सञ्चार तथा संस्थाबाहिरका सबै सरोकारवालासँगको अर्थपूर्ण दोहोरो सञ्चारलाई व्यवस्थित र प्रभावकारी बनाउन समयानुकूल संशोधन गरिएको यस नीतिले सघाउ पुर्‍याउनेछ । मूलतः यस नीतिले संस्थाको जवाफदेहिता, पारदर्शिता, सुरक्षा अभिवृद्धि र कार्यादेशबमोजिम रणनीतिक गतिविधिहरू सञ्चालन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । फलस्वरूप रेडक्रसको सङ्गठनात्मक सञ्जालका हरेक निकाय र गतिविधिमार्फत् सामाजिक न्याय, समावेशी संस्कृति, सहभागिता वृद्धिमा सहयोग पुग्नेछ । बदलिंदो राजनीतिक परिवर्तनले ल्याएको सूचना र सञ्चारमा नागरिकको बढ्दो पहुँच, साधनहरूको विकास र विस्तारको परिप्रेक्ष्यमा नेरेसोको सेवाहरू लाभग्राहीप्रति लक्षित हुन यो नीतिले योगदान गर्नेछ । यसबाट सङ्कटासन्न समूहको संरक्षण, लैङ्गिक समानता, समावेशीकरणको अभिवृद्धि, विभेद न्यूनीकरण, अहिंसा र शान्तिको संस्कृति प्रवर्धन, कार्यकारी र व्यवस्थापकीय क्षमता सुदृढीकरण, कार्यसम्पादनस्तर वृद्धि र अन्ततः संस्थाको छवि अभिवृद्धि (Image Building) गर्न सहायक हुने अपेक्षाअनुरूप प्रस्तुत **सूचना तथा सञ्चार नीति, दोस्रो संशोधन २०७३ (सन् २०१६) सहित** तर्जुमा गरिएको छ ।

## ख. क्षेत्र :

प्रस्तुत नीति संस्थाका सबै तहका निकाय र त्यसमा आवद्ध सबै रेडक्रसकर्मीलाई लागू हुनेछ । साथै, साझेदारीमा काम गर्दा रेडक्रस तथा रेडक्रिसेन्ट अभियानका अङ्गहरू, सरोकारवाला सबै निकाय र संघसंस्थाहरूले पनि नेरेसोको यस सूचना तथा सञ्चार नीति बुझ्न, सम्मान गर्न र अवलम्बन गर्न नितान्त आवश्यक हुनेछ ।

यसले संस्थाका केन्द्रलगायत सबै तहमा नेरेसोका सूचना तथा सञ्चारसम्बन्धी कार्यहरू गर्न मार्गदर्शन गर्नेछ । यसबाट नेरेसोको सूचना तथा सञ्चारसम्बन्धी निर्णय प्रक्रियामा एकरूपता प्रदान, गुणस्तर वृद्धि हुनुका साथै संस्थाका सबै निकायहरू र रेडक्रसकर्मीहरूको जिम्मेवारी, व्यवहार र सीमालाई पनि परिभाषित गर्दछ । साथै, संस्थाको लक्षित वर्ग, दाता, साझेदार, सरोकारवाला, सरकारी निकाय, गैरसरकारी संघसंस्थालगायत रेडक्रस अभियानप्रति नेरेसोको जवाफदेहितालाई सुनिश्चित गर्न मद्दत गर्नेछ ।

## ग. नीति :

उपर्युक्त सन्दर्भमा नेरेसोको सूचना तथा सञ्चारसम्बन्धी नीतिगत बुँदा निम्नबमोजिम तय गरिएको छ :

१) रेडक्रस अभियान र यसका आधारभूत सिद्धान्त, मूल्य तथा मान्यताहरूको संरक्षण एवं संवर्द्धन, नेपाल रेडक्रसको विधान, दूरगामी लक्ष्य, उद्देश्य, नीति, नियमावली साथै योजना तथा कार्यक्रमहरूका बिषयमा रेडक्रसकर्मी तथा सरोकारवालाहरूको ज्ञान र सीप अभिवृद्धि गर्न विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ ।

२) रेडक्रस प्रचारप्रसार[1] का लागि नेरेसोका सबै निकायहरूले योजनावद्ध कार्यक्रम तय गर्नेछन् । साथै, यसमा सहयोग गर्नु रेडक्रसकर्मीहरूको भूमिका र दायित्व हुनेछ ।

३) संस्थाका सबै तह र निकायहरूका साथै रेडक्रसकर्मीहरू नेपाल रेडक्रसले प्राथमिकता निर्धारण गरेका क्षेत्रमा व्यक्तिगत तथा सामूहिक रूपमा सम्बन्धित सरोकारवालाहरूसँग प्रभावकारी बकालत गर्न प्रयत्नशील रहनेछन् । यसैगरी जीवन रक्षा, स्वास्थ्य सुरक्षा, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि समयमै सूचना प्रवाह एवं सञ्चार सम्प्रेषण गर्न, सङ्कटासन्न जनसमुदायको जीवनमा परिवर्तन ल्याउन साथै उत्थानशील समुदाय निर्माणका लागि उनीहरू तत्पर रहनेछन् ।

४) नेपाल रेडक्रसले मानवीय मूल्यको प्रवर्धन, जवाफदेहिता अभिवृद्धि, उत्थानशील समुदायको लागि साझेदारी अभिवृद्धि, गतिविधिहरूको लागि स्रोतको व्यवस्था र संस्थाको छवि अभिवृद्धिका लागि सञ्चारसम्बन्धी समग्र रणनीति तयार गर्नेछ । यसको कार्यान्वयन संयन्त्रको व्यवस्था, क्षमता अभिवृद्धि र कार्यान्वयन गर्नु सबै निकायको कर्तव्य हुनेछ ।

५) नेरेसोका निकायहरूबीच आन्तरिक सञ्चारलाई सबल बनाइनेछ । यसका लागि समयानुकूल सूचना तथा सञ्चार पद्धतिको विकास गर्दै संस्थाका विभिन्न तह र निकायमा प्रकृयागत र विषयगत एकरूपता ल्याइनेछ । सबै तहमा स्रोत परिचालन गरी सञ्चारसम्बन्धी ज्ञान र सीपको अभिवृद्धि गरिनेछ ।

६) वाह्य सञ्चार माध्यमहरूसँग व्यवसायिक (Professional) अन्तरसम्बन्धको विकास गर्दै लगिनेछ ।

७) संस्थाका सबै तह र निकायहरूका कार्यक्रमहरूमा सूचना तथा सञ्चारसम्बन्धी आधुनिक प्रविधि र उपयुक्त माध्यमको प्रयोग गर्दै लगिनेछ । सञ्चार सञ्जालको विकास र विस्तार गर्दा जोखिम न्यूनीकरणका लागि नियन्त्रण, सन्तुलन र अभिलेखनलाई जोड दिइनेछ ।

८) नेपाल रेडक्रसका गतिविधिहरूलाई पारदर्शी बनाउन आधिकारिक र आवधिक सूचना सम्प्रेषण गरिने पद्धतिको विकास गरिनेछ ।

९) नीति, नियम, आचार संहिता र कार्यविधिको सञ्चारमार्फत् सिद्धान्तनिष्ठा र सुरक्षित पहुँचको अभिवृद्धि गरिनेछ ।

---

1 रेडक्रस प्रचारप्रसार भन्नाले मूलतः रेडक्रस अभियानको उत्पत्ति र विकासक्रम, अभियानका अङ्गहरू र तिनको भूमिका, रेडक्रसका आधारभूत सिद्धान्तहरू, चिन्हहरू र तिनको सदुपयोग, अन्तर्राष्ट्रिय मानवीय कानुन, नेरेसोको सङ्गठन तथा गतिविधिहरू, रणनीतिक योजना र प्रमुख नीतिहरू बुझ्नुपर्दछ ।